संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८१/१०/१३, बैठक संख्या: ५१

**छलफल/निर्णय**

१. समितिको आजको बैठकमा समितिका सभापति माननीय श्री अब्दुल खांनको सभापतित्वमा बसी विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा समितिको विभिन्न बैठकहरूमा भएको छलफलको आधारमा तयार भएको विधयेकको निर्णयको प्रतिवेदनमाथि छलफल भयो। विद्युतीय व्यापार विधेयक, २०८० प्रतिनिधि सभाबाट मिति २०८१ जेठ १५ गते दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने निर्णय भए बमोजिम यस समितिलाई प्राप्त भएको थियो। तत् पश्चात्, समितिले २०८१/२/२५ गतेको ३३ औं बैठकबाट "विधेयकको दफावार छलफलको कार्ययोजना" स्वीकृत गरी कार्य प्रारम्भ गरेको थियो। समितिले विधेयक छलफलको क्रममा सरोकारवालाहरूको अर्थपूर्ण सहभागिताका लागि सम्बन्धित विषय विज्ञहरू, मस्यौदामा संलग्न मन्त्रालयका कर्मचारीहरू तथा विभिन्न अन्य सरोकारवालाहरूसँग विभिन्न चरणमा पर्याप्त छलफल भएको थियो। साथै संशोधनकर्ता माननीय सदस्यहरूसँग विधेयक उपरको संशोधनका सम्बन्धमा समेत छलफल गरेको थियो। विधेयकको प्रारम्भिक छलफल पश्चात् समितिमा विद्युतीय व्यापार विधेयक, २०८० माथि थप प्रभावकारी रुपमा छलफल गर्न मौजुदा उजुरी सुनुवाई तथा कार्यसम्पादन सहजीकरण उपसमितिमा २ जना सदस्य मनोनयन गरी उक्त विधेयकको छलफल गर्ने जिम्मेवारी तोकिएको थियो। उपसमितिले उक्त विधेयकमाथि विभिन्न मितिका बैठकहरूमा विषय विज्ञ तथा सरोकारवाला पक्षहरूसँग थप छलफल गरी विधेयकमाथि प्राप्त संशोधन, विज्ञको सुझाव र मन्त्रालयको धारणाको आधारमा दफावार छलफल गरेको थियो र सोही बमोजिम प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गरी समितिको बैठकमा पेश गर्ने निर्णय भएको थियो।
आजको बैठकमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री, सचिव (वाणिज्य तथा आपूर्ति) लगायतको उपस्थितिमा विधेयक प्रतिवेदनमाथि छलफल गरी देहाय बमोजिमको प्रतिवेदन पारित गर्ने र प्रतिनिधि सभाको बैठकमा पेश गर्ने निर्णय गरियो:

**संघीय संसद्**

**प्रतिनिधि सभा**

**उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति**

**राष्ट्रिय सभामा उत्पत्ति भएको विद्युतीय व्यापार विधेयक, २०८० सम्बन्धी प्रतिवेदन**

१. विधेयकको लामो शीर्षकमा रहेका "विद्युतीय व्यापार" भन्ने शब्दहरूपछि "(इ-कमर्स)" भन्ने शब्द थप्ने।

२. विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि “विधेयक” भनिएको) को दफा १ को उपदफा (१) मा रहेका “विद्युतीय व्यापार ऐन, २०८०” भन्ने शब्दहरूको सट्टा “विद्युतीय व्यापार (इ-कमर्स) ऐन, २०८१’’ भन्ने शब्दहरू राख्ने।

३. विधेयकको दफा २ को,-

(१) खण्ड (च) मा रहेका “सम्झनु पर्छ।” भन्ने शब्दहरूको सट्टा “सम्झनु पर्छ र सो शब्दले सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीलाई समेत जनाउँछ।” भन्ने शब्दहरू राख्नेः-

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नेः-

"(छ) "मध्यस्थ (इन्टरमेडियरी) व्यवसायी" भन्नाले बिक्रेताको वस्तु वा सेवा विद्युतीय प्लेटफर्मको माध्यमबाट क्रेतालाई बिक्री गर्नको लागि सहजीकरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।"

(३) खण्ड (ट) मा रहेको "इन्ट्रानेट'' भन्ने शब्दको सट्टा "इन्ट्रानेट, सामाजिक सञ्जालको मार्केट प्लेस'' भन्ने शब्दहरू राख्ने।

(४) खण्ड (ठ) मा देहाय वमोजिमको प्रतिवन्धात्मक वाक्यांश थप गर्ने "तर वस्तु तथा सेवाको बारेमा जानकारी दिन वा प्रवर्धन गर्न विद्युतीय प्लेटफर्म प्रयोग गरेमा त्यसलाई विद्युतीय व्यापार (इ कमर्स) मानिनेछैन ''

(५) खण्ड (त) "ढल" शब्दपछि रहेको "निकास," भन्ने शब्द झिक्ने।

४. विधेयकको दफा ४ को,-

(१) उपदफा (१) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप्ने "तर लघु उद्यमी र सो सरहको घरेलु उद्यमीहरूले अन्य विद्युतीय प्लेटफर्म प्रयोग गरी विद्युतीय व्यापार गर्न पाउनेछन्।"

(२) उपदफा (२) को,-

(अ) खण्ड (ङ) लाई संशोधन गर्न प्रस्ताव गरेको राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा ३ झिक्ने।

(आ) खण्ड (छ) मा रहेका "टेलिफ्याक्स" भन्ने शब्दको सट्टा "टेलिफ्याक्स, सामाजिक सञ्जालको ठेगाना (लिङ्क)'' भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (३) मा रहेका "चौबीस घण्टाभित्र" भन्ने शब्दहरूको सट्टा "अड्चालिस घण्टाभित्र'' भन्ने शब्दहरू राख्ने।

५. विधेयकको दफा ५ को उपदफा (१) को खण्ड (ङ) मा रहेको "इमेल" भन्ने शब्दको सट्टा "इमेल, सामाजिक सञ्जालको ठेगाना (लिङ्क)'' भन्ने शब्दहरू राख्ने।

६. विधेयकको दफा ७ को उपदफा (१) मा रहेका "क्रेता र व्यवसायी" भन्ने शब्दहरू पछि "वा विक्रेता र व्यवसायी" भन्ने शब्दहरू थप्ने।

७. विधेयकको दफा ८ को,-

(१) उपदफा (१) मा रहेका "क्रेताले व्यवसायीलाई भुक्तानी गर्ने व्यवस्था गर्न सकिनेछ।" भन्ने शब्दहरूको सट्टा "क्रेताले व्यवसायी वा व्यवसायीको तर्फबाट ढुवानीकर्तालाई भुक्तानी गर्ने व्यवस्था गर्न सकिनेछ। त्यसरी ढुवानीकर्तालाई भुक्तानी भएकोमा व्यवसायीले भुक्तानी पाएको मानिनेछ।" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) लाई संशोधन गर्न प्रस्ताव गरेको राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा ५ झिकी सो उपदफामा रहेका "सोको भरपाई" भन्ने शब्दहरूको सट्टा "वस्तु वा सेवाको बिल बीजक तथा रकम भुक्तानीको विद्युतीय वा भौतिक भरपाई" भन्ने शब्दहरू राख्ने।

८. विधेयकको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-

"(१) क्रेताले यस ऐन बमोजिम खरिद गरेको कुनै वस्तु वा सेवा व्यवसायीले दफा ६ अनुसार दिएको विवरण बमोजिम नभएमा क्रेताले त्यस्तो वस्तु वा सेवा प्रयोग नगरी वा क्षती नपुऱ्याई व्यवसायीलाई फिर्ता गर्न सक्नेछ।"

९. विधेयकको दफा ११ को उपदफा (२) मा रहेका "प्रचलित संघीय कानूनको अधीनमा रही अग्रिम भुक्तानी पश्चात्" भन्ने शब्दहरूको सट्टा "आपसी करार बमोजिम प्रचलित संघीय कानूनको अधीनमा रही बैङ्किङ्ग प्रणालीमार्फत्‌भुक्तानीको सुनिश्चितता भएपछि" भन्ने शब्दहरू राख्ने।

१०. विधेयकको दफा १४ को खण्ड (क) मा रहेका "उपलब्ध गराएको" भन्ने शब्दहरूको सट्टा "राखिएको" भन्ने शब्द राख्ने।

११. विधेयकको दफा १५ को खण्ड (ज) राष्ट्रिय सभाको प्रतिवेदन बमोजिम क्रम मिलाउँदा कायम हुन आउने खण्ड (झ) मा रहेका "वा अघोषित" भन्ने शब्दहरू झिक्ने।

१२. राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा १० को उपबुँदा (४) ले दफा १६ को

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने " विद्युतीय प्लेटफर्मको माध्यमबाट वस्तु वा सेवाको बिक्रीको लागि मध्यस्थ व्यवसायीको प्लेटफर्ममा त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउनुअघि त्यस्तो व्यवसायीसँग लिखित वा विद्युतीय करार गर्नु पर्ने"

(२) खण्ड (ख) मा रहेको "मध्यस्थ व्यवसायलाई" भन्ने शब्दहरू पछि "लिखित वा विद्युतीय माध्यम मार्फत" भन्ने शब्दहरू थप्ने ।

(३) खण्ड (च) प्रतिवेदनको संशोधन गरी खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) को सट्टा राख्न प्रस्ताव गरेको खण्ड (छ) मा रहेका "वस्तु वा सेवा प्रदर्शनीमा राखिए बमोजिम वा आपसमा मञ्जुर गरे बमोजिम नभएको वा" भन्ने शब्दहरूको सट्टा "वस्तु वा सेवा प्रदर्शनी (डिस्प्ले) मा राखिए बमोजिम वा आपसमा मञ्जुर गरे बमोजिम नभएको वा पूर्वनिर्धारित समयभन्दा ढिलो गरी हस्तान्तरण भएको वा" भन्ने शब्दहरू राख्ने। साथै " अस्वीकार गर्न नहुने" शब्दहरूको सट्टा " गर्नुपर्नेछ" भन्ने शब्द राख्ने।

१३. राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा १४ ले विधेयकको दफा २३ को सट्टामा राख्न प्रस्ताव गरेको दफा २३ मा रहेका "दुई वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरू राख्ने।

१४. विधेयकको दफा २८ को उपदफा (१) मा संशोधन गर्न प्रस्ताव गरेको राष्ट्रिय सभाको प्रतिवेनद बुदा नं १५(१) झिक्ने।

१५. विधेयकको दफा २९ मा रहेको "समन्वय गरी" भन्ने शब्दहरू पछि "विषय विज्ञ सहित सो कार्य" भन्ने शब्दहरू थप्ने ।

१६. विधेयकको दफा ३५ लाई संशोधन गर्न प्रस्ताव गरेको राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा १६ झिकी विधेयकको दफा ३५ मा रहेका "सीमाभन्दा बढीको कारोबार गर्ने" भन्ने शब्दहरूको सट्टा "सीमाभन्दा बढीको नेपालमा उत्पादित वस्तु वा सेवाको कारोबार गर्ने वा आफ्नो उत्पादन बिक्री गर्ने" भन्ने शब्दहरू राख्ने।

२. साथै, समितिको अर्को बैठक पछि सूचना भएपछि बस्ने गरी आजको बैठक स्थगित गरियो।

| | |
|---|---|
| ........................ | ...................... |
| (रामकुमार पौडेल) | (मा. अब्दुल खांन) |
| समिति सचिव | सभापति |

मितिः २०८१ माघ १३ गते